आज मिति २०८०।१०।२२ गतेका दिन स्थानीय भुउपयोग परिषद्को बैठक त्रिपुरा सुन्दरी गाउँपालिकाको अध्यक्ष एवं भुउपयोग परिषद्का अध्यक्ष श्री भक्त ध्वज बोहराको अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयवस्तुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति:

| क्र.स | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री भक्त ध्वज बोहरा | |
| २ | उपाध्यक्ष | श्री गिता कुमारी नेपाल | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री जय बहादुर वाईबा | |
| ४ | वडा अध्यक्ष | श्री सिताराम थापा | |
| ५ | वडा अध्यक्ष | श्री रमेश राउत | |
| ६ | वडा अध्यक्ष | श्री शिव कुमार कार्की | |
| ७ | वडा अध्यक्ष | श्री टेक बहादुर गुभाजु | |
| ८ | वडा अध्यक्ष | श्री यादप श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री रमेश बोहरा | |
| १० | कार्यपालिका सदस्य | श्री विकास पहरी | |
| ११ | कार्यपालिका सदस्य | श्री किरण थामी | |
| १२ | कार्यपालिका सदस्य | श्री स्वस्थानी गुरुङ | |
| १३ | कार्यपालिका सदस्य | श्री ज्ञानी थामी | |
| १४ | कार्यपालिका सदस्य | श्री रमिता वि.क. | |
| १५ | कार्यपालिका सदस्य | श्री देवकी दमाई ( नेपाली ) | |

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिस्कर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प्रस्तावहरु:

प्रस्ताव नं. १ जग्गा वर्गीकरण मापदण्ड सम्बन्धमा ।

प्रस्ताव नं. २ जग्गाको वर्गीकरणको लागि सिफारीस सम्बन्धमा ।

प्रस्ताव नं. ३ अधिकार प्रत्यायोजन सम्बन्धमा ।

## निर्णयहरु

### निर्णय नं.१

भू-उपयोग ऐन २०७६ तथा भू-उपयोग नियमावलि २०७९ को मापदण्ड तथा आधारहरुका साथै देहाय अनुसार यस त्रिपुरासुन्दरी गाँउपालिका क्षेत्रको जग्गालाई भू-उपयोग क्षेत्रमा वर्गीकरण गरिने प्रयोजनका लागि देहाय बमोजिमको मापदण्ड स्वीकृतको लागि कार्यपालिका बैठकमा सिफारिस गर्ने निर्णय गरियो।

#### तपशिल:

१. नापी विभागबाट प्राप्त नक्सामा उल्लेख भएको वन क्षेत्र र प्रचलित कानूनमा वन उल्लेख भएका क्षेत्रलाई वनक्षेत्र नै कायम गर्ने ।

२. प्रचतिल कानूनमा खोला, खोल्सी उल्लेख भएको, नापी विभागबाट प्राप्त र किता नापी नक्सामा खोला खोल्सी उल्लेख भएको क्षेत्र नदी, खोला, ताल, सिमसार क्षेत्रमा वर्गीकरण गर्ने ।

३. विद्यालय, स्वास्थ्यचौकी, प्रहरीचौकी, सामुदायिक भवन, अस्पताल, चउर, फुटबल, खेलमैदान, कवर्डहल, रंगशाला लगायतका सार्वजनिक उपयोगका क्षेत्रलाई सार्वजनिक उपयोगको क्षेत्रमा वर्गीकरण गर्ने ।

४. पालिकाभित्र रहेका सार्वजनिक तथा सरकारी जग्गाहरुलाई सार्वजनिक उपयोगको क्षेत्रमा वर्गीकरण गर्ने।

५.मठ, मन्दिर, चर्च, गुम्बा जस्ता साँस्कृतिक तथा पुरात्तात्विक महत्वका सम्पदालाई साँस्कृतिक तथा पुरात्तात्विक महत्वका क्षेत्रमा वर्गीकरण गर्ने ।

६. नापी नक्सामा कायम भएको गोरेटो बाटोको दायाँ/बाँया ३० मिटर आसपास क्षेत्रहरुलाई आवासीय क्षेत्रमा वर्गीकरण गर्ने।

७.पालिका भित्रका मुख्य मुख्य सडकहरुसँग जोडिएका जग्गाहरु सडक मापदण्ड छाडी सडक दाँया बाँया १५० मी सम्मको क्षेत्रलाइ आवासीय क्षेत्रमा वर्गीकरण गर्ने।

८. पालिका भित्रका शाखा सडकहरुसँग जोडिएका जग्गाहरु सडक मापदण्ड छाडी सडक दाँया बाँया १०० मी सम्मको क्षेत्रलाइ आवासीय क्षेत्रमा वर्गीकरण गर्ने।

९. ब्यक्तिको नाममा दर्ता कायम रहेको एउटै कित्ता जग्गा कृषि र आवासीय क्षेत्रमा परेमा उक्त कित्ताको सम्पूर्ण क्षेत्रफल आवसीय क्षेत्रमा वर्गीकरण गर्ने ।

१०. यस पालिका भित्र पर्यटकीय गतिबिधिमा उपयोगहुने र सरकारी ,सार्वजनिक वा निजि क्षेत्र समेतले ब्यावसायिक तथा व्यापारिक प्रयोजनको लागि स्थापना गरेको उद्योग ब्यावसाय तथा व्यापारिक केन्द्र र तिनले चर्चेको जग्गा र भविष्यमा निर्माण गर्न छुट्याइएको जग्गा लाई ब्यावसायिक क्षेत्रमा वर्गिकरण गर्ने ।

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिस्कर, सिन्धुपाल्चोक
बागमती प्रदेश नेपाल

११. स्थानीय तहबाट स्वीकृत प्राप्त गरी खानी तथा खनिज पदार्थहरु जस्तैः ढुङ्गा, गिटी, बालुवा उत्खनन गर्ने क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गर्ने ।

१२. आधिकारिक निकायबाट स्वीकृत प्राप्त गरि औद्योगिक क्रियाकलापमा संचालन भइरहेको निजि जग्गालाई औद्योगिक क्षेत्रमा वर्गिकरण गर्ने ।

१३. भूउपयोग नक्शामा जनाइएको जोखिम क्षेत्र र संबेदनशील जग्गा लाई नक्शा बमोजिम नै वर्गीकरण गर्ने ।

१४. जग्गाको वर्गीकरण सम्बन्धमा दुविधा उत्पन्न भएमा स्थानिय भू-उपयोग परिषद्को निर्णय बमोजिम हुने ।

निर्णय नं. २

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाका वडा नं. १ देखि ६ सम्मका सबै वडाका जग्गाहरुलाई भू-उपयोग ऐन २०७६ को दफा ४(१) तथा भू-उपयोग नियमावली २०७९ को नियम ५(१) बमोजिम भू-उपयोग क्षेत्रमा वर्गिकरण गर्न सम्बन्धित वडाका जनप्रतिनिधि, राजनितिक दलका प्रतिनिधि, सरकारी, गैरसरकारी, निजि क्षेत्रका प्रतिनिधिहरुको सर्वपक्षीय बैठकले दिएको सुझाव र गाउँपालिका स्तरिय भू-उपयोग कार्यान्वयन समिति र भू-उपयोग परिषदको सिफारिसको आधारमा देहाय बमोजिमका वडाहरुको देहाय बमोजिम जग्गाहरुलाई तपशिल बमोजिम भू-उपयोग क्षेत्रमा वर्गिकरण गरी सम्बन्धित निकायहरु त्रिपुरासुन्दरी गाउँपालिकाको कार्यालय, मालपोत कार्यालय चौतारा सिन्धुपाल्चोक, नापी कार्यालय चौतारा सिन्धुपाल्चोक, नापी विभाग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग काठमाडौं, वागमती प्रदेश भू-उपयोग परिषद र संघिय भु-उपयोग परिषद काठमाडौमा लेखि पठाउने निर्णय गरियो ।

वडा नं. १ का देहायका क्षेत्रहरुः

त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. १ भित्रका जग्गाहरुलाई तपशिल बमोजिम वर्गीकरण गर्ने निर्णय गरियो।

१. नापी विभ्रागबाट प्राप्त नक्सामा उल्लेख भएको वन क्षेत्र र प्रचलित कानूनमा वन उल्लेख भएका क्षेत्रलाई वनक्षेत्र नै कायम गर्ने,

२. प्रचतिल कानूनमा खोला, खोल्सी उल्लेख भएको, नापी विभागबाट प्राप्त र किता नापी नक्सामा खोला खोल्सी उल्लेख भएको क्षेत्र नदी, खोला, ताल, सिमसार क्षेत्रमा वर्गीकरण गर्ने,

३. विद्यालय, स्वास्थ्यचौकी, प्रहरीचौकी, सामुदायिक भवन, अस्पताल, चउर, फुटबल, खेलमैदान, कवर्डहल, रंगशाला लगायतका सार्वजनिक उपयोगका क्षेत्रलाई सार्वजनिक उपयोगको क्षेत्रमा वर्गीकरण गर्ने,

४.मठ, मन्दिर, चर्च, गुम्बा जस्ता साँस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदालाई साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रमा वर्गीकरण गर्ने,

५. खानी तथा खनिज क्षेत्रः

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फिक्कल, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

लम्फु च्यानडाँडाको १५० मिटर अर्धव्यासको वरिपरिको जग्गालाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो।

६.व्यवसायिक क्षेत्र

वडा कार्यालय र स्वास्थ्यचौकीको १०० मिटरको अर्धव्यासको क्षेत्रहरु र घोर्थली बसपार्कको १०० मिटरको अर्धव्यासका क्षेत्रहरुलाई व्यवसायिक क्षेत्रमा वर्गिकरण गर्ने।

७. औद्योगिक क्षेत्र

हाडीखोलामा निर्मित हाडि खोला सुनकोशी ए हाईड्रोपावर प्रोजेक्ट क्षेत्र र सुनकोशी खोलामा प्रस्तावित जलविद्युत क्षेत्रलाई औद्योगिक क्षेत्रमा वर्गिकरण गर्ने।

८. आवासिय क्षेत्र

क. नापी नक्सामा कायम भएको गोरेटो बाटोको दायाँ/बाँया २५ मिटर आसपास क्षेत्रहरुः

ख. हाडीखोला, बन्देले ढुंगाथली, घोर्थली, नगरर्पा सडकको दायाँ/बायाँ १०० मिटर आसपासको क्षेत्रहरु

ग. बन्देले, छापडाँडा, तर्किनि, जिरेलटोल, घोर्थली खत्रीथोक सडकको दायाँ/बायाँ १०० मिटर आसपासको क्षेत्रहरु

घ. ढुंगाथली, लप्से सडकको दायाँ/बायाँ १०० मिटर आसपासको क्षेत्रहरु

ङ. मानेडाँडा, लेवस्वारा, लाजिम, विम्थली, चैथली, कालिन्चोक सडकको दायाँ/बायाँ १०० मिटर आसपासको क्षेत्रहरु

च. नाईकी डाँडा, घुम्ती पसल सडकको दायाँ/बायाँ १०० मिटर आसपासको क्षेत्रहरु

९. साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र

कग्यु गुम्बा, सेतीदेवी मन्दिर, भुमे मन्दिर, कागेश्वरी मन्दिर, बिम्थली गुम्बा, देवी मन्दिरले ओगटेको क्षेत्रफललाई साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा वर्गिकरण गर्ने।

१०. माथि उल्लेखित बुँदा नं. १, २, ३, ४, ५, ६, ७, ८, ९ भित्र पर्ने बाहेकका क्षेत्रका जग्गाहरुलाई कृषि क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो।

वडा नं. २ का देहायका क्षेत्रहरुः

त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. २ भित्रका जग्गाहरुलाई तपशिल बमोजिम वर्गीकरण गर्ने निर्णय गरियो।

१. नापी विभागबाट प्राप्त नक्सामा उल्लेख भएको वन क्षेत्र र प्रचलित कानूनमा वन उल्लेख भएका क्षेत्रलाई वनक्षेत्र नै कायम गर्ने,

२. प्रचतिल कानूनमा खोला, खोल्सी उल्लेख भएको, नापी विभागबाट प्राप्त र किता नापी नक्सामा खोला खोल्सी उल्लेख भएको क्षेत्र नदी, खोला, ताल, सिमसार क्षेत्रमा वर्गीकरण गर्ने,

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिस्कर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

३. विद्यालय, स्वास्थ्यचौकी, प्रहरीचौकी, सामुदायिक भवन, अस्पताल, चउर, फुटबल, खेलमैदान, कवर्डहल, रंगशाला लगायतका सार्वजनिक उपयोगका क्षेत्रलाई सार्वजनिक उपयोगको क्षेत्रमा वर्गीकरण गर्ने,

४.मठ, मन्दिर, चर्च, गुम्बा जस्ता साँस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदालाई साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रमा वर्गीकरण गर्ने,

५. निम्न बमोजिमको जग्गाहरुलाई आवासीय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियोः

क. पुन्छुङ, खरिढुंगा, भुमेस्थान, सामजुङ, टोल, बुंगाथर, मिजारटोल, नेवारटोल, खड्का टोल, तल्लोगाँउ, जमरु टोल, सुन्दर चोक, हेल्थपोष्ट, क्षेगि, लङगपा, घट्टे टोल, गुम्राटोल, गौरुङ टोल, भुमे, डाँडागाँउ टोल, जिवनथली, वि.क. टोल, सेल्फी डाँडा, मविदल पानावारी बस्ती, मगर गाउँ, निमाडण्डी, काल्ले बसपार्क भुमाराङ, बसपार्क मैदान, बसपार्क सल्यने फोनटे, ताङतुङ, बडारे, गुरुङ टोल, यी हिले टोलका आसपास ५० मिटर

ख. शाखा सडकहरु

१. बुदेपा सलेले कृति सडक

२. बसपार्क मुभाराङ सडकखण्ड

३. बसपार्क मैदान सडक

४. बसपार्क फोक्टे

५. फोक्टे ताङतुङ सडक

६. भुलभुले तल्लो गाँउ लुङगुपो कृषी सडक

७. महनथर गुरुङ टोल हुर्पे ताङतुङ सडक माथी उल्लेखित शाखा सडकको दाँया वाँया ३० मिटर वस्ती आसपासको जग्गालाई आवासीय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो।

ग. मुख्य सडक

१. पाल्ले लाटु मोटर बाटो

२. पत्तेरी सल्लेली कान्ले चोकटी लाटु कुरी (कालिन्चोक) सडक

३. वगर चोकटी सडक, बुंगाथली निगाले, हुदै कालीपोखरी पिस्कर सडक

४. सल्लेली लुङगुर्पो सडक, वुंगथली निगाले, बुद्द पार्क माथी उल्लेखीत मुख्य सडकको दाँया वाँया ५० मिटर आसपासका क्षेत्रलाई आवासीय क्षेत्र बर्गिकरण गर्न सर्वसहमत निर्णय गरियो।

घ. नापी नक्सामा उल्लेखीत घर भएका कित्ता जग्गाहरु लाई आवासीय क्षेत्रमा बर्गिकरण गरियो।

ङ. नापी नक्सामा उल्लेखीत गोरेटो बाटोको दाँया वाँया १५ मिटर भित्रको जग्गालाई आवासीय क्षेत्रमा बर्गिकरण गर्ने सर्वसहमत निर्णय गरियो।

६.माथि उल्लेखीत वुदा नं १ देखि ५ सम्म भित्र पर्ने वाहेकका क्षेत्रका जग्गाहरुलाई कृषि क्षेत्रमा वर्गिकरण गर्ने सर्वसहमत निर्णय गारियो।

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिस्कर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०।०३

वडा नं. ३ का देहायका क्षेत्रहरुः

त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. ३ भित्रका जग्गाहरुलाई तपशिल बमोजिम वर्गीकरण गर्ने निर्णय गरियो।

१. आवासिय क्षेत्रः

क) सुनकोशी कुल देखी धुस्कुन पिस्कर ८ मीटर सडकको पाखो जमिन जोखिम क्षेत्र बाहेक सबै बस्तियोग्य जमिनको सडकको दायाँवायाँ ५०/५० मिटर आवासिय क्षेत्र कायम गरिने छ ।

ख) सुनकोशी फपरचौर पिस्कर ६ मिटर सडकको सुनकोशी बजार क्षेत्र (दायाँवायाँ १५०/१५० मिटर कायम गरी वाकी जमिन पहिरो, पाखो, बस्ती बस्न जोखिम क्षेत्र बाहेकको दायाँ बाँया ३०/३० मिटर आवासिय क्षेत्र कायम गरिनेछ ।

ग. सालघारी मोडदेखि स्वास्थ्थ चौकी, पात्लेमोड देखि चोकटी जाने ६ मिटर सडकको दायाँबाँया ३०/३० मिटर आवासिय क्षेत्र कायम गरिनेछ ।

घ. वडा भित्रका तपशिलका ४ मिटर भित्रको कृषि शाखा सडकको दायाँ बाँया ३०/३० मिटर आवासिय क्षेत्र कायम गरिनेछ ।

काभ्रे-दावी शाखा सडकक
दावी पानीघाट सडक
सुनकोशी-अर्चले-ढुंगेपाटी सडक
लामसोती-भस्मे-हिले सडक
कागे पहिरो-कउरेनी सडक
बुगाथली-निगाने-काली पोखरी सडक
आहालडाँडा-घौयाखोरी-जात्राथली-ऐसेलुखर्क सडक
कालीपोखरी-चित्रेपाटि सडक
एक्ले विर्ताधारा सडक
पात्ले च्यानडाँडा सडक
च्यानडाँडा दुरागाउँ सडक
पात्ले नयाँ बस्ती सडक
ठोट्नेरी न्यौपाने सडक
पात्ले गुम्बा-दिपक लामा घर सडक
पात्ले-चोकटी सडक २०/२० मिटर
पोखरे-खाजीलुङ सडक २०/२० मिटर

त्रिपुरासुन्दरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पिस्कर, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

लामसोति-सुनकोशी ड्यासईड सडक २०/२० मिटर

ङ. बाँकी गोरेटो बाटोमा नापी नक्सामा कायम भएको घर बस्ती र टोललाई साविक आवासिय क्षेत्र कायम गरिने।

च. धुस्कुनको हिले बस्तीलाई जोखिम बस्ती कामय गरिने ।

२. कृषि क्षेत्रः

क. उल्लेखित आवसिय क्षेत्र नदीखोला, सार्वजनिक उपभोगका क्षेत्र, संस्कृति तथा पुरातात्विक महत्वका क्षेत्र, वन क्षेत्र जोखिम क्षेत्र बाहेकको सबै कृषि क्षेत्र कायम गरिने।

ख. उत्पादन कम हुने, पाखो, पहिरो, बाँझो जमिनलाई कमजोर अनुत्पादक कृषि क्षेत्र कायम गरिने।

३. नदी, खोला, ताल सिमसार क्षेत्रः

क. सुनकोशी ड्यामसाईड देखि भोटेकोशी संगम स्थान सम्मको क्षेत्र ।

ख. सुनकोशी देखि दावी खोला संगम सम्मको भोटेकोशी क्षेत्र।

ग. सुकदल खोला, दावी खोला

घ. खहरे खोला, सिमखेत, हुन्द्रुङ खोला, च्याप्रु खोला, ओख्रेनी खोला, कान्ले खोला, डालिङ खोला, साधि खोला, ख्याल डाँडा, साउने खोला, हरिसिद्धि खोला

४. सार्वजनिक उपयोगका क्षेत्रः

क. विद्यालयः महेन्द्र प्रताप मा.वि. देउपुज्य, धुस्कुन आ.वि. बेतेचउर, सिद्धिकाली आ.वि. सुनकोशी, लालिगुराँस आ.वि. दावी, सेतीदेवी आ.वि. दावी, सेती देवी आ.वि. फापर चउर, हरिसिद्धि आ.वि. पात्ले, बुद्ध आ.वि. एक्ले

ख. त्रिपुरासुन्दरी गा.पा.३ वडा कार्यालय ढुंगेपाटि, धुस्कुन स्वास्थ्थ चौकी, देउपुज्य धुस्कुन कृषि सहकारी भवन धुस्कुन, सानिमा हाईड्रोपावर सुनकोशी

ग. सुनकोशी सामुदायिक भवन, आहालडाँडा सामुदायिक भवन, जात्राथली सामुदायिक भवन, बाघभैरव सामुदायिक भवन, चित्रेपाटी सामुदायिक भवन, केउरानी सामुदायिक भवन, कागे सामुदायिक भवन, लिसेपानी सामुदायिक भवन,

घ. सुनकोशी ढुंगेपाटि, आगेचौर, एक्ले, चित्रेपाटि, सुक्दल खोला- मुलबाटो।

ढुंगेपाटि, ख्यालडाँडा, मानेडाडाँ, धैयाखोरी, निगाले - गोरेटो बाटो

लामसोति, भस्मे हिले, केउरेनी लहरे धुस्कुन, पात्ले, बुगाथली - गोरेटो बाटो

क्यामदारी, काभ्रे, स्वास्थ्य चौकी, पात्ले निगाले — गोरेटो बाटो

५. साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रः

खाजिलुङ गुम्बा, पात्ले गुम्बा, खाजिलुङ बुद्ध पार्क, बाघ भैरव मन्दिर, इलेविरे सहिद संग्रहालय बाघभैरव, सेतिदेवि मन्दिर जात्राथली, बेतेचौर बेतेधारा सिद्धिस्वर मन्दिर बेतेचौर, सेतिदेवि मन्दिर एक्ले, टोम्वल मन्दिर फपार चौर, शहिद इलि भुमेघर सल्ले, हरिसिद्धि मन्दिर पात्ले, लट्टेश्वर मन्दिर धारा पात्ले, मनकामना मन्दिर धुस्कुन,

सिद्धिकाली मन्दिर, कालिका मन्दिर सुनकोशी, भुमेथान, सातकन्या मन्दिर पार्तली, निगुलेदेवि मन्दिर महभिर, देउराली, हिले ऐतिहासिक स्थान, दाविबो झोलुङ्गे पुल, सुनकोशी मोटरेवल पुल।

६. जोखिम क्षेत्रः
सुक्दलखोला ढाँड देखि दावि खोला सम्मको क्षेत्र १ कि.मि. पहिरो जोखिम क्षेत्र
हिले बस्ती जोखिम क्षेत्र
भोटेकोशी-सुनकोशी, दावी खोला किनारा १५० मिटर पहिरो जोखिम क्षेत्र
कागे पहिरो जोखिम क्षेत्र।
७. यस वडा भित्र उल्लेखित क्षेत्र बाहेक सबै वन क्षेत्र कायम गरिएको छ।
८. यस वडामा हाललाई कुनैपनि भुमि व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र र खानी तथा खनिज क्षेत्र नछुट्याइएकोले आवश्यकता परेमा पनि वर्गिकरण गरिने व्यहोरा अनुरोध गरिन्छ।

वडा नं. ४ का देहायका क्षेत्रहरुः
त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. ४ भित्रका जग्गाहरुलाई तपशिल बमोजिम वर्गीकरण गर्ने निर्णय गरियो।
१. नापी विभागबाट प्राप्त नक्सामा उल्लेख भएको वन क्षेत्र र प्रचलित कानुनमा वन उल्लेख भएका क्षेत्रलाई वन क्षेत्रनै कायम गर्ने ।

२. प्रचलित कानुनमा खोला, खोल्सी उल्लेख भएका, नापी विभागबाट प्राप्त भएका नक्सा नदि, ताल, सिमसार क्षेत्र उल्लेख भएको र कित्ता नापी नक्सामा खोला खोल्सी उल्लेख भएको क्षेत्र नदी, खोला, ताल, सिमसार क्षेत्रमा बर्गिकरण गर्ने ।

३. विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, सामुदायिक भवन, अस्पताल, चौर, फुटबल (खेल) मैदान रंगशाला लगायतका सार्वजनिक उपयोगका क्षेत्रलाई सार्वजनिक उपयोगको क्षेत्रमा बर्गिकरण गर्ने ।

४. मठ, मन्दिर, गुम्वा, चर्ज जस्ता सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदालाई सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा बर्गिकरण गर्ने ।

५. निम्न बमोजिमका क्षेत्रका जग्गाहरूलाई आवासिय/व्यावसायिक क्षेत्रमा बर्गिकरण गर्ने निर्णय गरियो

क) बाह्रविसे, सुनकोशी, धुस्कुन, पिस्कर, जलजले, खरिढुङ्गा (मुल सडक) को दायाँ वायाँ ५० मिटर अर्धव्यासका क्षेत्रहरुलाई व्यावसायिक क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

ख) बाह्रविसे, सुनकोशी, धुस्कुन, पिस्कर, जलजले, खरिढुङ्गा (मुल सडक) को दायाँ वायाँ व्यावसायिक क्षेत्र वाहेक ५० मिटर आवासिय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

ग) सालघारी, सल्लेकेपा, मुसुरे, कुराथली, च्याङ्था तीन चौतारा (शाखा सडक) को ५० मिटर दायावाया अर्धव्यासका क्षेत्रहरुलाई आवासिय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

घ) जलजले, वैती, पोखरे, खरीढुङ्गा, सडकको १०० मिटर दायावाया अर्धव्यासका क्षेत्रहरुलाई आवासिय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

ङ) जलजले, महभिर, तौथली सडकको १०० मिटर दायाँवायाँ अर्धव्यासका क्षेत्रहरुलाई आवासिय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

च) च्याङ्था, पुरानो पिस्कर, कुराथली, दापिखोला, रङ्सी सडकको ५० मिटर दायाँवायाँ अर्धव्यासका क्षेत्रहरुलाई आवासिय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

छ) च्याङ्था, पुरानो पिस्कर, मुलावारी सडकको २५ मिटर दायाँवायाँ अर्धव्यासका क्षेत्रहरुलाई आवासिय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

माथी उल्लेखित सडकको च्याङ्था वस्तीको ५० मिटर अर्धव्यास क्षेत्रमा, पुरानो पिस्कर र मुलावारी वस्तीको ५० मिटर अर्धव्यासका क्षेत्रहरुमात्र आवासिय हुने ।

ज) नापी नक्सामा कायम भएको गोरेटो बाटोबाट १५ दायाँवायाँ अर्धव्यासका क्षेत्रहरुलाई आवासिय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

६. माथी उल्लेखित बुदा नं. १,२, ३, ४, ५, भित्र पर्ने बाहेकका जग्गाहरुलाई कृषि क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

**वडा नं. ५ का देहायका क्षेत्रहरुः**

त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. ५ भित्रका जग्गाहरुलाई तपशिल बमोजिम वर्गीकरण गर्ने निर्णय गरियो।

१. नापी विभागबाट प्राप्त नक्सामा उल्लेख भएको वन क्षेत्र र प्रचलित कानुनमा वन उल्लेख भएका क्षेत्रलाई वन क्षेत्रनै कायम गर्ने ।

२. प्रचलित कानुनमा खोला, खोल्सी उल्लेख भएका, नापी विभागबाट प्राप्त भएको नक्सामा नदि, ताल, सिमसार क्षेत्र उल्लेख भएको र कित्ता नापी नक्सामा खोला, खोल्सी उल्लेख भएको क्षेत्रलाइ नदी खोला, ताल, सिमसार क्षेत्रमा बर्गिकरण गर्ने ।

३. विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, सामुदायिक भवन, अस्पताल, चौर, फुटबल (खेल) मैदान रंगशाला लगायतका सार्वजनिक उपयोगका क्षेत्रलाई सार्वजनिक उपयोगको क्षेत्रमा बर्गिकरण गर्ने ।

४. मठ, मन्दिर, गुम्वा, चर्च जस्ता सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदालाई सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा बर्गिकरण गर्ने ।

५. खानी तथा खनिज क्षेत्र —

वेदासी, सुक्थेको, भट्टीडाडाँ, छवाकरमकर, रुमालाखु, दातीडाडा, बतासे, सेउपा स्याल्ले थाप्ठा सल्लाघारी खानीओडार, पाहापानी, खर्सगल, त्वायऊ लोखु पाखाको ५०० मिटर अर्धव्यास वरिपरीकाको क्षेत्रहरुलाई खानी तथा खनिज क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

६. व्यावसायिक क्षेत्र —

तौथली बजार क्षेत्र, गिर्खे, कार्तिके, गैरिगाउँ परेवार भिर, बर्खु पाखा,प्यार छोवा, महाभिर झरना, ताङ्गलपोखु, शिखर चुली, बुढाबुढीडाडाँ, आसपास १५० मिटर अर्धव्यासका क्षेत्रहरुलाई व्यावसायिक क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

७. औधोगिक क्षेत्र —

ग्वारखोसी, लाकुरीडाँडा माथी वाघभैरव मन्दिर सम्म, कपकप, प्याड छोवा, आइतवारे, प्यारा आसपास १५० मिटर अर्धव्यासका क्षेत्रहरुलाई औधोगिक क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

८. आवासीय क्षेत्रः

क) नापी नक्सामा देखिएका घरहरुलाई आवासीय क्षेत्रमा कायम गरिएको ।

ख) वडा भित्र रहेका सम्पुर्ण सहायक सडकहरुको ५० मिटर दायाँवायाँका क्षेत्रहरु आवासिय क्षेत्र हुने ।

ग) नापी नक्सामा कायम भएको गोरेटो वाटोको ३० मिटर दायाँवायाँका क्षेत्रहरु आवासिय क्षेत्र हुने ।

घ) पुकुलोखु, ग्वालामासन चाम्सीगर, दात्छवा, देशतल, दोकुती वारमुनजोर, भैलोफोङ, चित्तल ढुङ्गा, आपुन्छे, ढोकछोवा, लावली, ढ्याम्पोको, जाप्सिले, गंगाती, मेसपखुर, शिल्छोवा, खारती, कुण्डलीटोल, छैङ्डाटोल, सकमाथिली हबातगर, टुङ्सी, नरपुजे, चकछोमा, मुलीपा, माथिल्लो चक्छोमा, मुलीपा, माथिल्लो चकछोमा, खागल, बिकटोल, फाचरन, तल्लो खागल, लाकुरीडाँडा, डाँडागाऊ, गैरिगाऊ, पार्थुगा, आईतवारे, विगल, दुधकन, त्वारा, पाल्बा, वाप्ठा, वारुला, चिलाउनेडाँडा, जात्राशली, छिपिगाऊ, वाहुनगाँऊ, जोरपिपल, पाप्सा, च्याथली क्षेत्रको १०० मिटर क्षेत्रलाई आवासिय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

९. माथी उल्लेखित बुदा नं. १, २, ३, ४, ५, ६, ७, ८ भित्र पर्ने बाहेकका जगगाहरुलाई कृषि क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो ।

वडा नं. ६ का देहायका क्षेत्रहरुः
१. नापी विभागबाट प्राप्त नक्सामा उल्लेख भएको वन क्षेत्र र प्रचलित कानुनमा वन उल्लेख भएका क्षेत्रलाई वनक्षेत्र नै कायम गर्ने,
२. प्रचतिल कानूनमा खोला, खोल्सी उल्लेख भएको, नापी विभागबाट प्राप्त र कित्ता नापी नक्सामा खोला खोल्सी उल्लेख भएको क्षेत्र नदी, खोला, ताल, सिमसार क्षेत्रमा वर्गीकरण गर्ने,
३. विद्यालय, स्वास्थ्यचौकी, प्रहरीचौकी, सामुदायिक भवन, अस्पताल, चउर, फुटबल, खेलमैदान, कवर्डहल, रंगशाला लगायतका सार्वजनिक उपयोगका क्षेत्रलाई सार्वजनिक उपयोगको क्षेत्रमा वर्गीकरण गर्ने,
४.मठ, मन्दिर, चर्च, गुम्बा जस्ता साँस्कृतिक तथा पुरात्तात्विक महत्वका सम्पदालाई साँस्कृतिक तथा पुरात्तात्विक महत्वका क्षेत्रमा वर्गीकरण गर्ने,

५. व्यवसायिक क्षेत्र
क. बाल्का टेकानपुर तौथली सडकको मापदण्ड कटाएर दाँया बाँया ५० मिटर भित्रका क्षेत्रलाई व्यवसायिक क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो।
ख. दुरुङदुरुङ डाँडा १०० मिटर आसपासको क्षेत्र आवासीय क्षेत्र

६. निम्न बमोजिमका वाल्का टेकानपुर तौथली सडकको दाँया बाँया ५० मि८र व्यसायी क्षेत्र भन्दा बाहेक ५० मिटर क्षेत्रलाई आपसी क्षेत्र
७. घट्टेडाँडा, उनीचौर, न्यौपाने टोल, बुकुनी, गौरावारी, पिपलडाँडा भिरखर्क, बेते, ढाडबारी, पल्लो बारी , रातामाटा, धारापानी, तल्लो दावी , बसेरी, फोतीबेसी, दावी गाउँ, माथिल्लो दावी, जैसी डाडा, टेकानपुर, पल्लो गाउँ, ठुलो पधेरा, सिपाली टोल, दमाई टोल, सार्की टोल, पाटि, ढाँड टोल, भेडिखोर, चिप्लेटी, पाण्डे गाउँ, तल्लो पाण्डे गाउँ, माथिल्लो गुसुन्थली, वायोडाँडा, पाल्पा, च्याथली, तल्लो खोरिया, डाँडाटोल, खावढुंगा, पिपलबोट, त्रिशुली, धाराटोल, साजे, खुडे, लप्सेटोल, भण्डारी टोल, शेरा, गैरा भुजेल टोल, हल्दार टोल, बोरविटे, चिलाउने टोल, ठाइली ढाँड टोल, ठिपा काफ्लो डाँडो, सुनखेती, काफ्ले श्वारा वस्तीको १०० मिटर पेरिमिटर आसपासको क्षेत्र आवासीय क्षेत्र ,चामबोटे
८. नापी नक्सामा उल्लेखित घर भएकोलाई नै आवासिय क्षेत्र वर्गिकरण गर्ने निर्णय गरियो।
९. सहायक सडकको दाँया बाँया ५० मिटर भित्रको क्षेत्रलाई आवसिय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो।
१०. नापी नक्सामा उल्लेखित गोरेटो बाटोको दाँया बाँया १५ मिटर भित्रको जग्गालाई आवसिय क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो।

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिस्कर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

११. माथि उल्लेखित बुँदा नं. १ देखि १० भित्र पर्ने बाहेका क्षेत्रका जग्गाहरुलाई कृषि क्षेत्रमा वर्गिकरण गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ३</u>

प्रस्ताव नं. ३ मा छलफल गर्दा जग्गाको वर्गीकरण सम्बन्धी सिफारिस वडा कार्यालयहरु मार्फत नै हुने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।